'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
**Namaste Karnali National Daily** राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १७४ | मंगलवार ०६ फागुन, २०८१ | 18 (Tuesday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

## प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कप सुरु

■ नमस्ते समचारदाता

कोहलपुर, फागुन/०५



बाँकेको कोहलपुर नगरपालिका २ तेह्र विगाहमा प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कप सुरु भएको छ। समग्र विश्वव्यापी रुपमा चर्चा कमाएको फुटबल जगतमा कोहलपुरबाटै खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ संघिय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले प्रथम नेशनल प्याब्सन बाँकेको फूटबल कपको औपचारीक उद्घाटन गरी आजबाट सुरु भएको हो। उद्घाटनको क्रममा बोल्दै चौधरीले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीका छोराहरुलाई संस्थागत विद्यालयहरुले २ प्रतिशत रकम जम्मा गरी अध्ययन अध्यापन गराउनुपर्नेमा उनको जोड रहेको थियो। संस्थागत विद्यालयहरुले हाल ११ प्रतिशत छात्रवृति दिइरहेकोमा खुसी व्यक्त गर्दै बालबालिकाहरुलाई ग्रासरुटबाटै फुटबलमा आवद्ध गराउने प्रयास गर्नुभएकोमा भन्दै नेशनल प्याब्सन बाँकेलाई धन्यवाद व्यक्त गरे। यस्तै कोहलपुर नगरपालिका नगर प्रमुख पूर्ण आचार्यले कोहलपुरलाई खेलकुदको हव बनाउनुपर्नेमा उनको जोड थियो। कोहलपुर नगरपालिकाले विभिन्न खेलकुदका नाममा करिब १ करोड भन्दा बढि बजेट विनियोजन गरेको उनको भनाई थियो। कोहलपुरमा अन्तराष्ट्रिय क्रिकेट मैदान, कोहलपुर मुख्यमन्त्री गोल्ड कप, उपमेयर छात्रा क्रिकेट प्रतियोगिता, मेयर कप लगायत हरेक विद्यालयमा खेल शिक्षक समेत रहेको उनको भनाई थियो। नगरपालिकाले गर्न नसकेको भनेको ग्रासरुटबाट खेलाडी उत्पादन गर्नका लागि तालिम दिन सकेको छैन जसलाई आज नेशनल प्याब्सन बाँकेले पुरा गर्न खोजिरहेको भन्दै धन्यवाद ज्ञापन व्यक्त गरे। यस्तै नेशनल प्याब्सन बाँकेका अध्यक्ष तथा कार्यक्रमका सभापति किशोर राज मल्लले बालबालिकाको शारीरिक रुपमा स्वस्थ राख्न, मानसिक रुपमा मस्त राख्न, संबेगात्मक रुपमा सन्तुलित बनाई राख्न र सामुहिक सहयोगी भावनाको विकास एवम् निर्णय, नेतृत्व क्षमताको आत्मविश्वास जागृत गर्न यस प्रतियोगिताले टेवा पुग्ने बताए। उनले फुटबल प्रतियोगितालाई सफल बनाउन सम्पूर्ण व्यक्तित्वहरुलाई आग्रह गरेका छन्। यस्तै प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, उपविजेतालाई १५ हजार र सेमिफाइनल टिमलाई १० हजार पुरस्कार रहेको छ। वेष्ट किपर, स्कोरर, डिफेण्डर, मिड फिल्डरलाई प्रति १ हजार रुपैया र उत्कृष्ट खेलाडी (फेर प्लेयर खेलाडी) ५ हजार रुपैया पुरस्कार रहेको छ। प्रतियोगितामा बाँकेको ३७ वटा विद्यालय सहभागि रहेका छन् भने नेशनल प्याब्सन बाँकेका सचिव वेग प्रकाश चन्दले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा कोहलपुर नगरपालिका ५ का वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठ, २ का हरि कठायत, सामाजिक विकास समितिका संयोजक ईश्वरी विश्वकर्मा, केन्द्रीय उपमहासचिव कुसुम रानाभाट, नेशनल प्याब्सन केन्द्रिय सदस्य श्याम कुंवर, प्रदेश अध्यक्ष कुवेर बस्नेत, प्रदेश सह-कोषाध्यक्ष कमल पछाई, जिल्ला सचिव वेग प्रकाश मल्ल लगायत पत्रकारहरुको उपस्थित भएको थियो।

कोहलपुरमा ७औं संस्करण :

## उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता हुँदै

■ नमस्ते समचारदाता

कोहलपुर, फागुन/०५




बाँकेको कोहलपुर नगरपालिकामा ७औं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता हुन लागेको छ। कोहलपुर नगरपालिकाले फागुन ७ गतेदेखि १३ गतेसम्म कोहलपुरको अन्तराष्ट्रिय क्रिकेट मैदानमा ७औं उपमेयर कप छात्रा क्रिकेट प्रतियोगिता हुन लागेको हो। सोमबार पत्रकार सम्मेलन गर्दै कोहलपुर नगर खेलकुद विकास समितिको व्यवस्थापनमा हुन लागेको प्रतियोगितामा कार्यक्रममा प्रमुख अतिथि उपप्रमुख संगिता सुवेदी हुनेछन्। उपप्रमुख संगिता सुवेदीले विद्यालय स्तरबाट क्रिकेट छात्रा उत्पादन गर्ने उद्देश्यले निरन्तर दिइएको र आगामी दिनहरुमा समेत निरन्तरता दिने उनको दावी थियो। उनका अनुसार प्रतियोगिताका लागि करिब ७ लाख रुपैया बजेट विनियोजन गरेको बताउँदै प्रतियोगितामा उत्कृष्ट तथा उपविजेतालाई पुरस्कार समेत बृद्धि गरेको बताए। कोहलपुरको खेलकुदको उर्भरभूमि भएकोले कोहलपुर नगरपालिकाले ठुलो लगानी गरेको उनको भनाई थियो। खेलकुद मन्त्री महेश्वर गहतराज अथक हुँदा कोहलपुरको क्रिकेट एकेडेमीको गुरुयोजना सहित अघि बढेको छ जसलाई निरन्तरता दिने उनले प्रतिबद्धता व्यक्त गरिन्। यस्तै पत्रकार सम्मेलनमा बोल्दै कोहलपुर नगर खेलकुद विकास समितिका संयोजक चक्र चिमाला क्षेत्रीले खेलकुदमा १९ वर्ष मूनीका खेलाडीहरु सहभागि हुने बताए। कोहलपुरबाटै नै अन्तराष्ट्रिय स्तरमा क्रिकेटको माध्यमबाट पुगेकी मनिसा रानाको उदाहरण दिँदै संयोजक क्षेत्रीले भोलीका दिनमा समेत यि नै छात्राहरुबाट नै खेलाडी उत्पादन हुने उनको विश्वास थियो। उपमेयर कप छात्रा क्रिकेट प्रतियोगितामा १८ वटा विद्यालय सहभागि भएको नगर खेलकुद विकास समितिका संयोजक क्षेत्रीले बताए। कार्यक्रम कृष्ण मावि विद्यालयका प्रअ दिलिप वलीले कार्यक्रम सञ्चालन गरेका थिए भने दर्जन बढि पत्रकारहरुको सहभागिता भएको थियो। प्रतियोगिताको विजेता टिमले ३५ हजार नगद तथा २५ हजार बराबरको खेलकुद सामग्री प्राप्त गर्नेछ भने उपविजेता टिमले २० हजार नगद र १५ हजार बराबरको खेलकुद सामग्री जित्नेछ। व्यक्तिगत उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई पनि विशेष पुरस्कारको व्यवस्था गरिएको छ जसमा प्लेयर अफ द सिरिजलाइ ७५००, बेस्ट ब्याटर ५०००, बेस्ट बलर ५००० र उदाउँदो खेलाडीका रूपमा एक जोडी क्रिकेट सुज (जूता) प्राप्त गर्नेछन्। खेलकुद विकास समितिको सिफारिसमा प्रतियोगिताबाट उत्कृष्ट ५ खेलाडीलाई क्रिकेट एकेडेमीमा निःशुल्क प्रशिक्षण प्रदान समेत गरिनेछ।

## सहमति भएपछि अवरुद्ध साँफे–मार्तडी सडकखण्ड खुल्यो

■ नमस्ते समचारदाता

बाजुरा, फागुन/०५




सोमवार बिहानदेखि अवरुद्ध भएको बाजुराको साँफे-मार्तडी सडकखण्ड खुलेको छ। जिल्ला प्रशासन कार्यालय बाजुराले घटनाका दुवै पक्षविच सहमति भएपछि दिउँसो करिब ३ बजे बन्द सडकखण्ड खुलेको जनाएको छ। आइतवार रातिदेखि खुलेको सडकखण्ड फेरी पिडित पक्षले उचित क्षतिपूर्तिको माग गर्दै आज बिहान ७ बजेदेखि बन्द गरेका थिए। आइतवार बिहान बसको ठक्करबाट बुढीगंगा नगरपालिका-१ अम्कोटका अन्दाजी ८ वर्षीया नयन पाध्यायको मृत्यु र आमा विस्ना पाध्याय घाइते भएपछि पिडितहरुले सडकखण्ड बन्द गरेका थिए। सहायक प्रमुख जिल्ला अधिकारी सन्तोष रायले बिहानदेखि बन्द भएको सडकखण्ड सम्बन्धित यातायात व्यवसायी र पिडित पक्षहरुसंग छलफल गरी दुवै पक्षको सहमतिमा सडक सुचारु भएको बताएका छन्। उनका अनुसार पिडित पक्षलाई सुन्दर सुदूरपश्चिम यातायात प्रा.ली.ले बिमा रकम बाहेक थप ४ लाख रुपैयाँ क्षतिपूर्ति र मृतक नाबालकका बुवा अजुर्न पाध्यायलाई काउन्टरमा रोजगारी दिने सहमति भएको छ। त्यस्तै बसको ठक्करबाट मृत्यु भएका नाबालक पाध्यायको शव जिल्ला अस्पतालमा पोर्ष्टमाटम गरेर आफन्तलाई बुझाउने तयारी भएको जनाएको छ। सडकखण्ड खुलेपछि बिहानदेखि रोकिएका सवारी साधानहरु गन्तव्यतर्फ लागेका छन्। धनगढीबाट सदरमकाम मार्तडी आउँदै गरेको बसले सडक नजिकै रहेको पसलमा घाम तापेर बसेको अवस्थामा ठक्कर दिदाँ छोराआमा गम्भीर घाईते भएका थिए। बालकको उपचारका क्रममा मृत्यु भएको थियो भने घाइते गर्भवती समेत रहेकी आमालाई थप उपचारका लागि हेलिकप्टरमार्फत उद्धार गरेर सुर्खेतमा उपचार भइरहेको जनाएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## अनुदान कटौती : संघीयताको मर्मविपरीत

संघीयता भनेको अधिकार र राज्यका स्रोतहरूको समुचित बाँडफाँट गर्ने व्यवस्था हो। तर, हालै संघ सरकारले स्थानीय तहको समानीकरण अनुदान कटौती गरेर फेरि केन्द्रीकृत व्यवहार देखाएको छ। संघीय सरकारले चालु आर्थिक वर्षको स्वीकृत बजेटमा स्थानीय तहलाई ८८ अर्ब र प्रदेश तहलाई ६० अर्बको वित्तीय समानीकरण अनुदान विनियोजित गरेको थियो। तर, विद्यमान आर्थिक चुनौतीहरू र राजस्व उठाउने क्षमताको कमीका कारण, सरकारले तेस्रो किस्तामा १३.२४ प्रतिशत मात्रै निकासा गर्ने निर्णय लिएको छ। यस कटौतीले स्थानीय तहका बजेटमा गम्भीर प्रभाव पारेको छ, जसले गर्दा योजनाहरूमा अड्चन आउने पक्का छ। वित्तीय समानीकरण अनुदान कटौतीले स्थानीय तहका विकास कार्य र जनसेवामा गम्भीर प्रभाव पार्ने देखिएको छ। यसले संघीयताको प्रभावकारी कार्यान्वयनमा पनि छिद्र पर्ने देखिएको छ। यो निर्णयले आर्थिक गतिशीलता मात्र होइन, नागरिक सेवा प्रवाहमा समेत गम्भीर असर पार्ने छ। स्थानीय तहका प्रतिनिधिहरूले संघ सरकारको कदमलाई मुटुमा किला रोपेजस्तै भनेका छन्। हो पनि। स्थानीय तहमा बजेट आउँदै छ भनेर विभिन्न योजना बनाइएका छन्, काम भइरहेका छन्। तर, बजेट कटौती भएपछि काम गरे बापतको भुक्तानी ती पालिकाले अब कहाँबाट दिने ? अनुदान कटौतीले संघीयताको मूल उद्देश्यलाई चुनौती दिएको छ। संघीयताको सफलता त्यही हो जब स्थानीय तहले आफ्नो जनताका लागि आफैंले योजना बनाउने, कार्यान्वयन गर्ने र सफलतापूर्वक परिणाम दिन सक्ने। तर, वित्तीय संशाधनको कमीले यस क्षमतालाई पनि निस्सार बनाउँदै छ। संघ सरकारले राजस्व उठाउने क्षमता बढाउनुपर्छ। आर्थिक गतिविधिलाई फराकिलो बनाउनुपर्छ। समानीकरण अनुदान कटौती संघीयताको मर्मविपरीत छ। समानीकरण अनुदान कटौती हुनु भनेको कमजोर आन्तरिक आम्दानी भएका पालिकाहरू झन् मर्कामा पर्नु हो। आफ्नै आन्तरिक स्रोत कमजोर भएका पालिकाहरूले संघबाट प्राप्त अनुदानबाट नै विकास निर्माणलाई अगाडि बढाएका हुन्छन्। जहाँ विकास नै कमजोर छ, त्यहाँ नै आन्तरिक आम्दानी पनि कमजोर छ। तसर्थ समानीकरण अनुदान कटौतीले समग्र विकास र समृद्धिमै नकारात्मक धक्का दिन्छ। स्थानीय तहलाई बजेट कटौती गर्नु भनेको संघीयताको मूल मर्मलाई नै कमजोर बनाउनु हो। स्थानीय तहहरू सेवा प्रवाहका महत्वपूर्ण तह हुन्, जसले शिक्षादेखि पूर्वाधार निर्माणसम्मका कार्यहरू गर्छन्।शिक्षा छात्रवृत्ति शीर्षकमा बर्सेनि पाँच करोड ९४ लाख रुपियाँ वितरण भइरहेको छ।

# बढ्दो लैंगिक हिंसा

**डा. केदार कार्की**




विश्वभर महिलाविरुद्ध हुने हिंसाका ढाँचाहरू फरकफरक छन् । पुरुषहरूविरुद्धको हिंसाभन्दा महिलामाथि हुने हिंसा धेरै फरक छन् । उदाहरणका लागि, आफूले चिनेको व्यक्तिबाट महिलाहरूलाई यौन दुर्व्यवहार वा मारिने सम्भावना पुरुषहरूभन्दा बढी हुन्छ । संयुक्त राष्ट्रसंघले महिलाविरुद्धको हिंसालाई 'लिंगमा आधारित' हिंसाको रूपमा परिभाषित गरेको छ । यस्तो हिंसाको जरा लैंगिक असमानता हो । महिला हिंसा मानवअधिकारको गम्भीर उल्लंघनमात्र होइन देशको राष्ट्रिय विकासको लागि बाधक पनि हो । जबकि लिंगमा आधारित हिंसा जीवन चक्रमा धेरै रूपहरूमा हुन्छ । लैंगिक असमानतालाई बढावा दिने कारकहरू धेरै छन् । ती असमानताहरूले सामूहिक रूपमा लैंगिक खाडललाई फराकिलो बनाउँछन् । कडा आर्थिक र ऋणको सीमासँग जुधिरहेका बेला महिलाहरू हिंसाको मारमा परेका छन् । निरक्षरता र डिजिटल विभाजनबाट सबैभन्दा बढी महिलाहरू प्रभावित छन् । विश्वभरका लगभग ९० प्रतिशत महिलाहरू आफ्नो परिवारको लागि खाना तयार गर्ने काममा संलग्न छन् । महिलाहरू भोकमरी, कुपोषण र पानीको अभावको सबैभन्दा बढी जोखिममा महिलाहरू नै छन् । लैंगिक असमानता र हिंसा पारस्परिक रूपमा अनन्य घटनाहरू होइनन् । तर एकअर्कालाई प्रभाव पार्ने जटिल चक्रहरू हुन् । नेपालमा महिलाहरूले धेरै असमानता र हिंसाको सामना गरिरहेका छन् । यसका कारणहरू विविध छन्, तर यीमध्ये धेरैजसो महिलाहरूको सामाजिक रूपमा निर्धारण गरिएको न्यून हैसियतको परिणाम हो । गरिबी, अस्थिरता र शिक्षाको अभावले लैंगिक हिंसालाई निरन्तरता दिन भूमिका खेल्न सक्छ । महिलाको सामाजिक र आर्थिक शक्ति कम भएको स्थानमा वा उनीहरूलाई संरक्षण गर्ने कानुन लागू नभएको ठाउँमा समस्या सबैभन्दा गम्भीर हुन सक्छ । न्यून आर्थिक विकास भएका देशहरूमा महिलामाथि हुने हिंसाका घटना र तीव्रता बढी देखिन्छ । लिंगमा आधारित हिंसाले व्यक्ति र समुदाय दुवैका लागि विभिन्न किसिमका नकारात्मक असरहरू निम्त्याउँछ । दीर्घकालीन रोगहरू, कमजोर मानसिक स्वास्थ्य, कम यौन तथा प्रजनन स्वास्थ्य, शारीरिक चोटपटक र मृत्युसमेत हुन्छ । महिलालाई घरेलु र अन्य प्रकारका हिंसाबाट मुक्त गराउनु आजको आवश्यकता हो । घरेलु हिंसाले महिलाको आर्थिक तथा सामाजिक विकासमा बाधा पुर्‍याउने पनि प्रमाणित भएको छ । प्रजनन स्वास्थ्यको सन्दर्भमा, घरेलु हिंसा र अन्य प्रजनन र यौन स्वास्थ्य समस्याहरूबीचको सम्बन्ध पनि छ । जसमा यौन सञ्चारित रोगहरू, अनिच्छित गर्भावस्था, गर्भनिरोधक, गर्भपात, मातृरोग र मृत्युदर र प्रतिकूल गर्भावस्था परिणामहरू समावेश छन् । घरेलु हिंसाको असर धेरै हुन्छ । पीडितले चोटपटक, अशक्तता वा मृत्युसमेत भोग्न सक्छ । घरेलु हिंसाको अर्को महत्त्वपूर्ण प्रभाव भनेको भावनात्मक र मनोवैज्ञानिक आघात हो । घरेलु हिंसाले भावनात्मक र मनोवैज्ञानिक दुर्व्यवहारसहित धेरै रूपहरू लिन सक्छ, जबकि यसको प्रभाव गम्भीर र दीर्घकालीन हुन सक्छ । मनोवैज्ञानिक आघातका परिणामहरूले दीर्घकालीन मानसिक विकारहरू निम्त्याउन सक्छ । डब्ल्यूएचओका अनुसार हिंसाको दर्दनाक अनुभव हृदय रोग, पेटजन्य रोग, मधुमेह, गठिया र मोटोपनको उच्च जोखिमसँग सम्बन्धित छ । स्वास्थ्य हेरचाह लागत, आवास लागत, र कानुनी लागतजस्ता वित्तीय लागतहरूले महिलाहरूलाई गरिबीमा धकेल्न सक्छ। गरिबीले महिलालाई घरेलु हिंसाको सिकार बनाउँछ। बालविवाह, अशिक्षा, गरिबी, पितृसत्तात्मक संरचना हिंसाका प्रमुख कारण हुन् । श्रीमान्‌बाट घरेलु हिंसा हुने गरेको छ । त्यस्तै थप्पड हान्ने, धकेल्ने, हिर्काउने, लात हान्ने धकेल्नेलगायतका हिंसात्मक कार्य हुने गरेको छ। भावनात्मक र मनोवैज्ञानिक हिंसामा मुख्यतया धम्की दिने, मौखिक असहमति, अपमानजनक भाषाको प्रयोग, धम्की, अपमान पर्छन् । विश्वव्यापी रूपमा, तीनमध्ये एक महिलाले आफ्नो जीवनकालमा कम्तीमा एक पटक आफ्नो घनिष्ठ पार्टनर वा गैरसाझेदारबाट कुनै न कुनै प्रकारको शारीरिक वा यौन हिंसा भोगेको अध्ययन प्रतिवेदनमा देखिएको छ । महिला र बालिकाहरूविरुद्ध हुने हिंसाको प्रकोप बढ्दै गएको छ। लगभग ५४ प्रतिशत महिलाहरूले आफ्नो समुदायमा हिंसामा वृद्धि भएको बताएका छन् । सबैभन्दा बढी वृद्धि ल्याटिन अमेरिकी देशहरू र उपसहारा अफ्रिकामा भएको रिपोर्ट छ। प्रविधिको प्रयोगले महिलामाथि हुने यौन दुर्व्यवहार पनि बढ्दै गएको छ। विश्वभर १६ दशमलव ५८ प्रतिशत महिलाहरू यसबाट प्रभावित छन् । मानव बेचबिखन, बालविवाह, यौन दुर्व्यवहार र महिला जननांग विच्छेदन विश्वभर व्यापक छ । महिलाहरू काममा, सार्वजनिक यातायातमा यात्रा गर्दा र सार्वजनिक स्थानहरूमा असुरक्षित छन् । यौन उत्पीडनको जोखिममा हुन्छन् । महिला सशक्तीकरण घरेलु हिंसा रोक्नको लागि सबैभन्दा सामान्य रूपमा अपनाइने तरिकाहरूमध्ये एक हो । महिला सशक्तीकरणलाई महिला हिंसाको समाधानको रूपमा व्यापक रूपमा स्वीकार गरिएको छ । महिलाहरूलाई महत्त्वपूर्ण सम्पत्ति र अवसरहरू (जस्तै, शिक्षा, स्वास्थ्य र रोजगारी) मा पहुँच प्राप्त गर्न गरिने मद्दतले हिंसा न्यूनीकरणमा सहयोग पुग्छ । यसका लागि लैंगिक समानता प्रवर्द्धन गर्ने, कार्यक्रमहरू ल्याइनु पर्छ ।

*-अन्नपूर्ण*

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# प्रथम नेशनल प्याब्सन बाँकेको (Under 12 Boys)फूटबल कप उद्धघान कार्यक्रमको फोटोफिचर































# जाजरकोट भूकम्प : प्राधिकरणले थाल्यो क्षतिको मूल्याङ्कन

नमस्ते समचारदाता
जाजरकोट, फागुन/०५



भूकम्प गएको झन्डै १५ डेढ वर्षपछि भौतिक क्षतिको विस्तृत मूल्याङ्कन थालिएको छ । २०८० कात्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिकाको रामीडाँडालाई केन्द्रबिन्दु बनाएर भूकम्प गएको थियो । जाजरकोटमा पहिलो चरणमा भेरी नगरपालिका वडा नं १,३,४,८ र ११ का साथै नलगाड नगरपालिकाको वडा नं १,३ र ४ बाट कामको शूरुवात गरिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । जाजरकोटका निमित्त प्रमुख जिल्ला अधिकारी समीर गौतमले प्राधिकरण, स्थानीय सङ्घ संस्था र पालिकाबाट समेत गरेर आवश्यक इन्जिनियरलाई क्षतिको मूल्याङ्कनका लागि वडा वडामा पठाइएको बताउनुभयो । सोका लागि इन्जिनियरलाई दुई दिनको अभिमुखीकरण समेत दिएर कार्यक्षेत्रमा परिचालन गरिएको गौतमले जानकारी दिनुभयो । अहिलेसम्म जाजरकोटमा ३४ हजार, रुकुम पश्चिममा ३२ हजार र सल्यानमा १ हजार ३ सय अस्थायी आवास बनेका छन् । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा १ सय ५४ जनाले ज्यान गुमाएका थिए । नलगाड नगरपालिका प्रमुख डम्बर बहादुर रावतले ढिलै भए पनि क्षतिको विस्तृत मूल्याङ्कन गर्ने कार्य सुरु हुनु भूकम्प पीडितको लागि सुखद सकमचार रहेको बताउनुभयो । 'यस कार्यका लागि पालिकाबाट गर्नुपर्ने कार्यसम्पादनमा पालिकाले पूर्णरूपमा प्रतिबद्ध भएर काम गर्ने नगर प्रमुख रावतले बताउनुभयो । भेरी नगरपालिका १ का वडाध्यष दीपक रानाले क्षतिको विस्तृत मूल्याङ्कन (डीडीए) गर्ने कार्य सुरु हुनु हामी वडावासी र भूकम्प पीडितहरूका लागि पुनर्निर्माणको थालनी भएको बताउनुभयो । यो कार्य निकै सराहनीय भएको वडाअध्यक्ष रानाको भनाइ छ । सरकारले ढिलै भए पनि पुर्ननिर्माण कार्यका लागि प्राविधिकहरू घरघरमा पठाउनु आफूहरूका लागि स्थायीवासमा बस्न पाउने आसा पलाएको भेरी नगरपालिका १ का भूकम्प पीडित पूर्णबहादुर रावतको आशा छ । जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोटमा ४० हजार ४१ घर धुरी लाभग्राही कायम गरिएको छ ।

# विशेषज्ञ चिकित्सक न्यून : करारका कर्मचारीको घुइँचो




नमस्ते समचारदाता
डडेलधुरा, फागुन/०५

सङ्घीय सरकारमातहतको सुदूरपश्चिम प्रदेशको एक मात्रै 'विशिष्ट विशेषज्ञ' सेवासहितको डडेलधुरा अस्पतालमा दरबन्दी अनुसार विशेषज्ञ चिकित्सक छैनन् । तर अस्पतालमा करार कर्मचारीको भने घुँइचो छ। अस्तालमा रहेका कुल २७६ जना कर्मचारीमा स्थायी कर्मचारी ८६ जना रहेका छन् । जसमा करार कर्मचारीको संख्या भने १९० रहेको अस्पतालका सूचना अधिकारी टङ्कप्रसाद पन्तले जानकारी दिनुभयो । पन्तका अनुसार अस्पतालको नगदी शाखा, कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, स्विपर र सुरक्षागार्डमा कार्यरत सम्पूर्ण कर्मचारी करार दरबन्दीमा रहेका छन् । अस्पतालको तथ्याङ्क हेर्ने हो भने अस्पतालमा कार्यरत ११ जना विषेशज्ञ चिकित्सकमध्ये चार जना मात्र स्थायी दरबन्दी र सात जना करारमा कार्यरत छन् । अस्पतालको दरबन्दी अनुसार १९ जना विशेषज्ञ चिकित्सक हुनुपर्ने डडेलधुरा अस्पताल विकास समितिका अध्यक्ष करुणाकर ओझाले बताउनुभयो । यस्तै मेडिकल अधिकृत ३२ जनामध्ये ११ जना स्थायी र २१ जना करारमा कार्यरत छन् । स्टाफ नर्स ५७ जनामा ३७ जना स्थायी र २० जना करार कर्मचारी छन् । गत माघ २८ गते डडेलधुरा पुग्नुभएका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले दरबन्दी अनुसार कर्मचारी नहुनुमा राजनीतिक दलको पहुँच मन्त्रालय र माथिल्लो तहसम्म नपुग्ने गरेको बताउनुभयो ।

# कुडा कर्णालीको छैटौं संस्करण आजदेखि

नमस्ते समचारदाता
सुर्खेत, फागुन/०५




सुर्खेतमा कर्णाली उत्सवका रूपमा कर्णालीका कुडाको छैटौं संस्करण आज (सोमबार) देखि सुरु हुँदै छ। फागुन ७ गते बुधबारसम्म सञ्चालन हुने सो उत्सवले कर्णालीलाई चिन्ने र चिनाउने, बहस र विमर्शको उत्सव गराउने भन्दै ऋति फाउन्डेसनले सो उत्सवलाई यस वर्ष पनि निरन्तरता दिएको हो । आइतबार उत्सवबारे पत्रकार सम्मेलनमार्फत जानकारी दिँदै कर्णाली प्रदेशको पहिचान र सम्भावना केलाउन उत्सवलाई निरन्तरता दिइएको बताइएको छ। उत्सवका संयोजक कमल लम्सालले कर्णाली उत्सवको माध्यमबाट कर्णालीमा सार्वजनिक बहसको शृङ्खला थालिएको र यसले कर्णालीलाई केलाउँदै समृद्धि प्रदेश निर्माणका लागि नीति निर्मातालाई सुझाव दिने तथा सार्वजनिक पदाधिकारीलाई उत्तरदायी बनाउने प्रयास गर्ने बताउनुभयो । उहाँले विभिन्न संस्करणमा भाग लिएका वक्ता, सञ्चालक तथा सहभागीले उत्सवको महत्व बुझ्दै गएको, खुला समाज र लोकतान्त्रिक बहसलाई संस्कारका रूपमा विकास गरिएको र कुनै कामको सुरुवात विचारबाटै थालनी हुने भएकाले कुडा कर्णालीलाई यस पटक पनि निरन्तरता दिइएको उल्लेख गर्नुभयो । यस्तै उत्सवमा संलग्न प्रकाश अधिकारीले उत्सवको धेरैजसो खर्च प्रस्तावना आह्वानका आधारमा र प्रायोजक तथा साझेदारले बेहोर्दै आएको जानकारी दिनुभयो । विगतमा बुलबुले उद्यानमा सञ्चालन भएको सो उत्सव यस पटकदेखि सिटी हलमा सञ्चालन हुने छ। तीन दिनसम्म सञ्चालन हुने उत्सवमा शिक्षाबारे प्राज्ञिक बहस, पैकेलो, किस्सा तन्नेडीका, बैकिनी बोल्छिन्, देउडा साँझ, स्याउको सह, विद्वत प्रवचन, आसलाग्दो अर्थतन्त्र, छोरीको छहारी, टेको सङ्घीयताको, कर्णालीमा मधेश, चौघान चर्चा, कर्णाली कन्सर्टलगायत विविध विषयमा बहस र छलफल हुने छ। केही वक्ता काठमाडौंका रहेका छन् भने धेरैजसो वक्ता कर्णालीकै रहने लामिछानेले बताउनुभयो ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०.सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

## सूचना । सूचना ।। सूचना ।।।

धार्मिक, साँस्कृतिक, असीम आध्यात्मिक, अतुलनीय पुरातात्विक स्मारकहरुयुक्त आराध्यदेव भगवान श्रीपशुपतिनाथको दिव्य निवासस्थल, गुह्येश्वरी, वच्छला, भुवनेश्वरी आदि देवीहरुको क्रिडास्थल, नेपाल देशको उद्भव भएदेखिकै पुण्यभूमि, यस दिव्यभूमि पवित्र पाशुपत क्षेत्रलाई सफा, स्वच्छ, स्निग्ध, शान्त, सुरक्षित एवम् सम्पदामैत्री बनाउनु हामी सबैको कर्तव्य हो ।

जय श्रीपशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके